अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०७।१७ गते।

प्रेस विज्ञप्ति

विषय: नियन्त्रणमा लिइएको सम्बन्धमा ।

जिल्ला भक्तपुर, मध्यपुर थिमि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोजराज घिमिरेले ठेक्का सम्झौता बमोजिमको नियमानुसार बाँकी किस्ता मोबिलाइजेसन फण्डको भुक्तानी प्रक्रियामा सहजीकरण गरिदिएको र बाँकी काममा सहजीकरण गरीदिने भनी घुस (रिसवत) माग गरेको भन्ने सूचना एवम् उजुरी निवेदनका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालबाट खटिई गएको टोलीले निज प्रमुख प्रशासकीय अधिकृत भोजराज घिमिरे र Good Neighbours Enterprises Pvt. Ltd. कोटेश्वर, काठमाडौंका सञ्चालक वरुण ढुंगेललाई सेवाग्राहीसँग घुस (रिसवत) वापतको रू. ३३,००,०००।— (तेत्तिस लाख रूपैयाँ) लिइसकेको अवस्थामा उक्त रकमसहित जिल्ला भक्तपुर, मध्यपुर थिमि नगरपालिका, वडा नं. ९, निकोसेराबाट मिति २०८३/०७/१६ गते नियन्त्रणमा लिई आज मिति २०८३/०७/१७ गते विशेष अदालतको आदेशबाट घुस (रिसवत) भ्रष्टाचारसम्बन्धी मुद्दामा म्याद थप भई अनुसन्धान कार्य अगाडि बढाइएको छ।

प्रवक्ता
सुरेश न्यौपाने